# गुलरिया नगरपालिका

# स्थानीय राजपत्र

गुलरिया नगरपालिकाद्धारा प्रकाशित

वर्ष १) गुलरिया, श्रावण ०१ गते,२०७५ साल


## भाग-१

**गुलरिया नगरपालिका नगरसभाको सुचना**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गुलरिया नगरपालिकाको नगरसभाले मिति २०७५/०३/३२ मा जारि गरेको ऐन सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ।

संवत २०७५ सालको ऐन न. ७

## गुलरिया नगरपालिकाको शिक्षा ऐन,२०७५

आज्ञाले,

रामचन्द्र पौडेल

प्रमुख प्रशासकीय अधिकृत

# गुलरिया नगरपालिका शिक्षा ऐन,२०७५

**गुलरिया नगरपालिका**
**बर्दिया, जिल्ला**
**प्रदेश नं.५**

प्रस्तावनाः

प्रत्येक नागरिकमा सहिष्णुता,सदाचार,नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास,मुलुकको समृद्धि र जनहितका लागि स्थानीय,राष्टिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस गुलरिया नगरपालिकाको क्षेत्रभित्र स्थापना हुने, स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,"नेपालको संविधान को धारा २२१, अनुसुची ८ को सूची नं.८ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम गुलरिया नगरपालिकाको दोस्रो नगरसभाले नगर शिक्षा ऐन २०७५ बनाएको छ।

## परिच्छेद -एक

## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "गुलरिया शिक्षा ऐन,२०७५" रहेको छ।

(२) यो ऐन गुलरिया नगरपालिकाभर लागु हुनेछ।

(३) यो ऐन नगरसभाबाट पारित भए पश्चात लागु हुनेछ।

**२.परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) “नगरपालिका” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गुलरिया नगरपालिका सम्झनु पर्छ।

(ख) “ऐन” भन्नाले गुलरिया नगरसभाले पारित गरेको शिक्षा ऐनलाई सम्झनु पर्छ।

(ग) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(घ)“प्रमुख प्रशासकीय अधिकृत”भन्नाले गुलरिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ङ) “नगर शिक्षा अधिकृत” भन्नाले गुलरिया नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ।

(च) “शिक्षा समिति” भन्नाले गुलरिया नगरपालिकाको नगर प्रमुख ले नेतृत्व गरेको नगर कार्यपालिकाले गठन गरेको ऐन अनुसारको शिक्षा समिति सम्झनु पर्छ।

(छ) ““कार्यपालिका” भन्नाले गुलरिया नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(ज “मन्त्रालय” भन्नाले नेपाल सरकार, शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(झ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ञ)“ माध्यमिक शिक्षा भन्नाले कक्षा नौ देखि बाहसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ट)“निरीक्षक” भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको शिक्षा सेवाको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ।

(ठ) "स्रोतव्यक्ति" भन्नाले स्रोतकेन्द्र अन्तरगतका विद्यालयहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी शैक्षिक सुधारमा सहयोग गर्न खटिएको माध्यमिक तहको स्थायी शिक्षक वा सो सरहको व्यक्ति सम्झनु पर्छ ।

(ड) “परिवार” भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(ढ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ र सो शब्दले यस ऐनको प्रयोजनको लागि विद्यार्थीको बाबु आमा, बाजे बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ण) ”पाठ्यक्रम विकास केन्द्र” भन्नाले संघीय शिक्षा ऐन बमोजिम विद्यालय तहको पाठ्यक्रमको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(त) “परीक्षा समिति” भन्नाले यस ऐन बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(थ) “प्रधानाध्यापक” भन्नाले ऐन बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(द) “प्रारम्भिक बाल शिक्षा केन्द्र” भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि ऐन बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ ।

(ध) “कोष” भन्नाले ऐन बमोजिमको विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(न) “शिक्षा युवा तथा खेलकूद शाखा” भन्नाले गुलरिया नगरपालिका मातहतको शिक्षा हेर्ने शाखा लाई सम्झनु पर्छ ।

(प) “व्यवस्थापन समिति” भन्नाले ऐन बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(फ) “शिक्षक किताबखाना” भन्नाले संघीय शिक्षा कानून ब(५)**बाल शिक्षा केन्द्र,सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा विद्यालय नाम परिवर्तन** बमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

(ब) “शिक्षक सेवा आयोग” भन्नाले संघीय शिक्षा कानून बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको नियुक्ती तथा बढुवा सिफारिससमेत गर्ने आयोग सम्झनु पर्छ ।

(भ) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(म) “शुल्क” भन्नाले संस्थागत विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(य) “संस्थागत विद्यालय” भन्नाले निजी लगानीमा संचालन गर्ने गरी अनुमती पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(र) “समुदायद्वारा सञ्चालित विद्यालय” भन्नाले ऐन बमोजिम स्वीकृति प्राप्त गरी स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ।

(ल) "सामुदायिक विद्यालय" भन्नाले नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृती पाएको विद्यालय सम्झनु पर्छ।

(व) “सामुदायिक सिकाइ केन्द्र” भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने जीवनपर्यन्त सिकाइ, अध्ययन अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ।

(स) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकूल, आश्रम,मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ।

(ष) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देस्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(श) "शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्ने प्रारम्भिक बालविकास तहदेखि माध्यमिक तहसम्म कार्यरत स्थायी, अस्थायी, राहत, निजीस्रोत शिक्षक र बालविकास सहयोगी कार्यकर्ता (पूर्व प्राथमिक शिक्षक) समेतलाई जनाउँछ।सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ह) "कर्मचारी" भन्नाले विद्यालयमा अध्यापन गर्ने शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनु पर्छ।

## परिच्छेद -दुई
## शिक्षाको प्रकार,विद्यालयको वर्गीकरण,अनुमति,स्वीकृति,समायोजन तथा नियमन

३.विद्यालय शिक्षाको तहःविद्यालय शिक्षाको तह २ प्रकारका हुनेछन।

(क) माध्यमिक तह

(ख) आधारभूत तह

४.माध्यमिक शिक्षाको प्रकारःमाध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछनः-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

### ५.शिक्षाको माध्यमः

(१) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा,अङ्ग्रेजी भाषा वा दुबै भाषा हुनेछ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

(क) आधारभूत कक्षा ५ सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ।

(ख)गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सकिनेछ।

(ग) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

## ६. विशेष शिक्षा,समावेशी शिक्षा,अनौपचारिक शिक्षा,निरन्तर शिक्षा,दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः

नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष,समावेशी शिक्षा,अनौपचारिक शिक्षा,निरन्तर शिक्षा,दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सकिनेछ ।

**७.विद्यालयको वर्गीकरणः** विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

## ८. विद्यालय सञ्चालन गर्न अनुमति लिनपर्नेः

१.कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिश सहित नगरपालिकाको शिक्षा युवा तथा खेलकूद शाखा समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

२.उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पूरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा शिक्षा समितिको सिफारिशमा शिक्षा अधिकृतले अनुमति दिनेछ ।

३. यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका शिक्षा शाखा समक्ष निवेदन दिनुपर्नेछ ।

४.उपदफा ३ बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी माग बमोजिम सञ्चालन गर्न शिक्षा समितिमा राय सहित आवेदन पेश गर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिशमा शिक्षा अधिकृतले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

५.प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद द्धारा तर्जूमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (टि-एस.इ.इ) सञ्चालनका लागि कुनै समुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा नगर शिक्षा समितिको सिफारिसमा नगरप्रमुखले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि नगरसभाद्वारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य नगर शिक्षा समितिले गर्नुपर्नेछ ।

६. उपदफा २, ३ वा ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

७. यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठीअन्तरगत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक ट्रष्टी संगठित संस्थाको रुपमा हुनुपर्ने ।

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र निजी गुठी भए कम्तिमा तीनजना सदस्य हुनुपर्ने ।

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने ।

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेको ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजानिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

८. कुनै सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उदेश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगर प्रमुख समक्ष निवेदन दिनु पर्नेछ । नगर शिक्षा समितिबाट सिफारिश भई शैक्षिक गुठी अन्तरगत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

९. उपदफा ८ बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछन ।

१०. माथिल्लो उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिईने छैन ।

११. यस अघि दर्ता भएका विद्यालय सम्बन्धि व्यवस्थाः(क) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएका मानिनेछन् । तर यस अघि सञ्चालनमा भएका विद्यालयले शिक्षा युवा तथा खेलकूद शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

९ धरौटी राख्नु पर्नेः संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको संरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछः

(क) माध्यमिक विद्‌यालयको लागि तीन लाख रूपैयाँ,

(ख) आधारभूत विद्‌यालय कक्षा एक देखि आठका लागि एक लाख रूपैया ।

(ग) आधारभूत विद्‌यालय कक्षा एक देखि पाँचका लागि पचहत्तर हजार रूपैया ।

(घ) प्रारम्भिक बाल शिक्षा केन्द्रका लागि पचास हजार रुपैया ।

बिशेष आवश्यकता भएका विद्‌यार्थीहरुका लागि वा सिमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा विद्‌यालय खोल्दा कार्यपालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम धरौटी छुट दिन सकिनेछ ।

**१०. धरौटी रकम जम्मा गरिने :** (१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम विद्यालयको नाममा प्रधानाध्यापक र गुलरिया नगरपालिका लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुने धरौटी खाता खोली जम्मा गर्नु पर्नेछ ।

१०(क) सार्वजनिक शैक्षिक गुठी अन्तर्गत नेपाल सरकारले साल वसाली अनुदान दिई राखेका विद्यालय, निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयको नियमनको लागि मन्त्रालयले छुट्टै कार्यविधि बनाउन सक्नेछ ।

**११.विद्यालय गाभ्न सकिने** : (१) देहायको कुनै अवस्थामा दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछः –

(क) तोकीएको बमोजिम पूर्वाधार कायम नरहेको,

(ख) अधिकांश कक्षामा नियम बमोजिमको दश प्रतिशत भन्दा कम विद्यार्थी संख्या भएको,

(ग) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,

(घ) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दूरी दुई किलोमिटर भन्दा कम रहेको

(ङ) दुई वा सो भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएको ।

(च ) माथि लेखिए बाहेक नगर शिक्षा समितिले तोकिए बमोजिम गाभ्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आधारमा विद्यालयहरु गाभ्ने निर्णय गर्दा शिक्षा समितिले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीको व्यवस्थापनको विषयमा समेत निर्णय गर्नु पर्नेछ ।

(३) यस ऐनमा उल्लेखित विद्यालय गाभ्ने सम्वन्धि व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाले शिक्षा समितिको सिफारिसमा कार्यविधि बनाई लागू गर्न सक्नेछ । यसरी गाभिएर खाली भएको वा बन्द भएको विद्यालयमा सामुदायिक प्रयोजनका लागि पुस्तकालय, म्युजियम, संवाद स्थल, वा सीप विकास केन्द, सामुदायिक सिकाइ केन्द्र,पूर्व प्राथमिक विद्यालय जस्ता संस्था बनाउन सकिनेछ ।

**१२.गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तीको व्यवस्थापन :** (१) दफा११ बमोजिम विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नु पर्नेछ ।

**१३.विद्यालयको तह वा कक्षा घटाउन सकिने :** कुनै विद्यालयको सम्बन्धमा दफा११ को उपदफा (१) को अवस्था विद्यमान रहेको भए तापनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा शिक्षा युवा तथा खेलकूद शाखाको सिफारिसमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ।

**१४. विद्यालयको कक्षा थप गर्न सकिने** : (१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै शिक्षा युवा तथा खेलकूद शाखा समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शिक्षा युवा तथा खेलकूद शाखा मार्फत थप हुने कक्षाको लागि तोकिए बमोजिमको पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा नगर शिक्षा अधिकृतको सिफारिशमा नगर शिक्षा समितिले शैक्षिकसत्र सुरु हुनु अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक शिक्षा प्रदान गर्ने वाहेक अन्य विद्यालयको कक्षा एघार र बाह्रको कक्षा थप र विषय थप गर्ने अनुमति संघीय शिक्षा मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा नगर कार्यपालिकाले दिनेछ ।

४) कक्षा तथा तह थप गर्ने अनुमतिको लागि तपसिल बमोजिमको शुल्क लाग्ने छ।

| विद्यालय | कक्षा थप | तह थप |
|---|---|---|
| संस्थागत | २०,००० रुपैया | २५,००० रुपैया |
| सामुदायिक | ५०० रुपैया | १००० रुपैया |

कक्षा तथा तह थप शुल्क नगरपालिकाको राजस्व खातामा जम्मा गरिनेछ ।

(५)बाल शिक्षा केन्द्र,सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा विद्यालय नाम परिवर्तन सम्बन्धी अन्य व्यवस्था नगर शिक्षा समितले तोके बमोजिम हुनेछ ।

६ समुदायिक विद्यालयमा कक्षा एघार र बाह्रमा प्राविधिक शिक्षा सञ्चालन र व्यवस्थापन गर्ने मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः३

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

### १५.नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः

१ नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछः

(क) नगरपालिका नगर प्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग ) नगर कार्यपालिका सदस्य मध्येबाट १ जना महिला १ दलित सहित ४ जना -सदस्य

(घ ) सामाजिक विकास समिति संयोजक -सदस्य

(ङ ) शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि -सदस्य

(च) सामुदायिक विद्यालयका शिक्षकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १जना -सदस्य

(छ) संस्थागत विद्यालयहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १ जना -सदस्य

(ज) नगर प्रमुखले तोकेको नगरपालिका सदस्यहरु मध्येबाट ३जना -सदस्य

(झ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १जना - सदस्य

(ञ) शिक्षा अधिकृत -सदस्य -सचिव

मनोनित सदस्यहरुको पदावधी २ वर्षको हुनेछ ।

(२ ) शिक्षा समितिको वैठक कम्तिमा प्रत्येक त्रैमासिकमा एक पटक वस्नुपर्नेछ ।

(३ ) शिक्षा समितिको वैठक भत्ता नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) उपदफा १ अनुसार नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउना सक्नेछ ।हटाउन अघि सफाईको मौकाबाट वञ्चित गरिने छैन ।

(५)नगर शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) शिक्षा युवा तथा खेलकूद शाखावाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने

(ख) नगरपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा युवा तथा खेलकूद शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी परिमार्जन सहित स्वीकृत गर्ने,

(ग)नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलव्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्ने तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ)विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(ञ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ट) विद्यालय बन्द गर्न सिफारिस गर्ने,

(ठ) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा युवा तथा खेलकूद शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ड) नगर स्तरीय खेलकूद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा युवा तथा खेलकूद शाखालाई निर्देशन दिने,

(ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

(ण) नगरपालिकाबाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने ।

(त) विद्यालयले कायम गर्नु पर्ने न्यूनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने ।

(थ) नगर क्षेत्र भित्र विशेष आवश्यकता भएका बालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने ।

(द) विद्यालय सुधार तथा विकासका लागि नीति निर्देशन गर्ने ।

(ध) विद्यार्थी संख्याका आधारमा शैक्षिक सत्रको शुरुमा शिक्षकको दरबन्दि मिलान गर्ने।

(न) कक्षा तथा तह थप गर्नका लागि अनुमति दिन सिफारिस गर्ने।

(प) नगर भित्रका विद्यालयमा विद्यार्थी संख्या तथा विषय र विद्यार्थी संख्यानुसार दरबन्दी मिलान गर्ने साथै विद्यार्थी संख्याको आधारमा आवश्यकतानुसार दरबन्दी सिर्जना तथा शिक्षक व्यवस्थापन गर्न सिफारिस गर्ने ।

(फ) शिक्षक सरुवा तथा दरबन्दी मिलान सम्बन्धी अन्य व्यवस्था निर्देशिका बनाई लागु गर्ने ।

(ब) तोकीए बमोजिम अन्य कार्यहरु गर्ने ।

**१६ नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएका काम,कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा अधिकृतको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) शिक्षा सम्बन्धी नगर स्तरीय योजना बनाई कार्यपालिकावाट पारित गराई कार्यान्वयन गर्ने, गराउने

(ग) विद्यालय अनुगमन निरीक्षण गर्ने तथा अनुपस्थित शिक्षकको गयल जनाउने।

(घ) स्वीकृत अनौपचारिक शिक्षा, विशेष आवश्यकता भएका बालबालिकाको लागि शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,

(ङ) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को समुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(च) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

(छ) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक,प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको संचालन गर्ने,

(ज) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा संचालन समितिको सदस्य सचिव भई कार्य गर्ने,

(झ) विद्यालय सञ्चालन सम्बन्धमा प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(ञ) ऐन तथा यस कार्यविधि बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नु वा विद्यालय बन्द गर्नु पर्ने भएमा तत् सम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउने ,

(ट) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको लागि रजिष्ट्रेशन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानून बमोजिम संशोधन गर्ने,

(ठ) नियुक्ति वा बढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने

(ड) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

(ढ) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी त्यसको विवरण आयोगमा पठाउने,

(ण) विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण गर्ने, गराउने,

(त) मन्त्रालयले तोकिदिए बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयहरूको समूह विभाजन गरी स्रोतकेन्द्र निर्धारण गर्ने र स्रोतकेन्दबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने,

(थ) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा, माध्यामिक शिक्षा परीक्षा र आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

(द) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(ध) निरीक्षकलाई विद्यालय निरीक्षणको सूचक बनाई निरीक्षण गर्न पठाउने र निरीक्षकले विद्यालय निरीक्षण गरे नगरेको यकिन गर्न स्थलगत निरीक्षण गर्ने,

(न) नगरपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने ।

(प) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

(फ) विद्यालयमा लागू गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र निःशुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

(ब) लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र वेरुजु फर्छ्यौट गर्न लगाउने,

(भ) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

(म) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(य) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने,

(र) स्रोत व्यक्तिले दिएको निरीक्षण प्रतिवेदन उपर कारबाही गर्ने

(ल) नगर भित्र सञ्चालन भएका शैक्षिक तालिम केन्द्रमा शिक्षक तालिमका लागि सिफारिस गर्ने,

(व) नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

(श) सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरवन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउने,

(ष) तोकिएको मापदण्डको आधारमा शिक्षकको सरुवा तयारी गर्ने,

(स) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षकलाई विद्यालय समय बाहेक वा विद्यालयको नियमित पठन पाठनमा असर नपर्ने गरी अतिरिक्त समयमा अन्यत्र कार्य गर्न पूर्व स्वीकृति प्रदान गर्ने,

(ह) विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने गराउने र कार्य सम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ,प्रधानाध्यापक,शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार तथा दण्डका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(क्ष) निजी, धार्मिक तथा गुठी बिद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(त्र) नगरकार्यपालिका,राष्ट्रिय परीक्षा बोर्ड र शिक्षासम्वन्धी आयोगहरुबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने ।

(ज्ञ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसंग शैक्षिकसत्रको शुरुमा एक शैक्षिकसत्रको लागि शैक्षिक सुधारको करार सम्झौता गर्ने

## १७ विद्यालय व्यवस्थापन समितिः

१. सामुदायिक विद्यालयको सञ्चालन ,रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिले तोकेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट१जना दलित २ जना महिला सहित ४ जना - सदस्य

(ग) विद्यालयको संस्थापक,स्थानीय बुद्धिजिवी,शिक्षा प्रेमी वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित २जना - सदस्य

(घ) विद्यालयका शिक्षकहरु मध्येबाट छानी पठाईएको १ जना - सदस्य

(ङ) विद्यालयको प्रधानध्यापक सदस्य-सचिव

२. उपदफा १ बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ ।पद हटाउनु अघि सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ खारेज नभए सम्मका लागि सोही अनुसार गठन भएका समिति क्रियाशिल रहनेछन् ।

३.सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : (१)यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट तथा सिफारिस गर्ने,

(घ) तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तिमा तीन वर्ष गुलरिया नगरपालिका भित्रका विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कवुलियतना गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागि पहल गर्ने,

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

(छ) नेपाल सरकारबाट स्वीकृत दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पदपूर्तिका लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा युवा तथा खेलकूद शाखामा लेखी पठाउने र अस्थायी पदपूर्तिको लागि अनुमति माग्ने।

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

(झ) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यविधि बमोजिम व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी शिक्षा युवा तथा खेलकूद शाखालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन शिक्षा युवा तथा खेलकूद शाखामा पठाउने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

(ड)शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गराई राख्ने,

(ढ)प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ण) नगर शिक्षा समितिवाट तोकिएको लेखा परीक्षकबाट लेखा परीक्षण गराउने ,

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठनतर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम वितरण गर्ने,

(द) निरीक्षकले विद्यालयको चेक जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ध) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(न) स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीय तह तथा स्थानीय शिक्षा युवा तथा खेलकूद शाखा मार्फत गर्ने,

(फ)वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद्  जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधी बनाई शिक्षा समितिबाट स्वीकृत गराई लागू गर्ने,

(य) स्थानीय तह, स्थानीय शिक्षा समिति र शिक्षा युवा तथा खेलकूद शाखाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(र) शिक्षक एवं कर्मचारीलाई मापदण्ढ बनाई पुरस्कृत गर्ने

(ल) विद्यालयको पढाइ व्यावहारिक, सीपमूलक, र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्ने ।

(व) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सार्वजनिक परीक्षण गराउने,

२. शिक्षक अभिभावक संघः- सबै विद्यालयमा शिक्षक र अभिभावकहरु रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।यस सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरबन्दी,सेवाशर्त र योग्यता

१८ शिक्षक तथा कर्मचारी दरबन्दी तोकिए बमोजिम हुनेछ।

१९ शिक्षकको सेवा शर्त योग्यता र सक्षमताः शिक्षकको सेवा शर्त योग्यता तोकिए बमोजिम हुनेछ।

**२० शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।**

परिच्छेद ५

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति सरुवा बढुवा तथा तालिम

२१ शिक्षकको नियुक्तिः१ विद्यालयमा भएको रिक्त दरबन्दीको शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछः

(क) विद्यालय व्यवस्थापन समिति अध्यक्ष वा निजले तोकेको सदस्य -संयोजक

(ख) शिक्षा अधिकृत -सदस्य

(ग) विषय विज्ञ २ जना -सदस्य

(घ) प्रधानाध्यापक -सदस्य सचिव

२. समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ।

२२. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः

१. विद्यालयमा एक प्रधानध्यापक रहनेछ।

२. प्रधानाध्यापकको नियुक्ति व्यवस्था तथा काम कर्तव्य तोकिए बमोजिम हुनेछ।

३ .प्रधानाध्यापकको अवधी ४ बर्षको हुनेछ।निज बढीमा २ कार्यकाल मात्र सो पदमा बहाल रहन पाउनेछ।

२३. शिक्षकको सरुवाःशिक्षक सरुवा सम्बन्धी मापदण्ड नगर शिक्षा समितिले तोकेको मापदण्ड बमोजिम हुनेछ। तर शिक्षा विकास तथा समन्वय इकाईबाट हुने शिक्षक सरुवाका सम्बन्धमा नगर शिक्षा युवा तथा खेलकूद शाखाले सिफारिस गर्नेछ।

**२४. दरबन्दी मिलानः**

१. नगर शिक्षा समितिले विद्यालयमा तहगत कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलान गर्न सक्नेछ।

२. दरबन्दी मिलान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः स्थायी शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागु भएको संघीय कानुन बमोजिम हुनेछ।

२६. कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय तोके बमोजिम हुनेछ ।

**परिच्छेद ६**

**सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन**

२७. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

२८. विद्यालय सम्पत्तिः विद्यालय सम्पत्तिको संरक्षण भोग चलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. विद्यालयको पाठयक्रम र पाठयक्रमः

१. विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठयक्रम र पाठ्यपुस्तक लागु गर्न सकिनेछ ।

३०.अतिरिक्त शैक्षिक क्रियाकलापःविद्यालयहरुले पाठ्यक्रममा आधारित अतिरिक्त सिकाइ क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछन् ।

परिच्छेदः७

संस्थागत विद्यालयको अनुमति मापदण्ड निर्धारण, अनुगमन र नियमन

३१. संस्थागत विद्यालय सञ्चालन गर्न तोकए बमोजिम अनुमति वा स्वीकृती लिनु पर्नेछ ।

**३२ संस्थागत विद्यालयको व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकार** :

१) संस्थागत विद्यालयको व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः

क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरुमध्येवाट विद्यालयको सिफारिसमा नगर प्रमुखले मनोनित गरेको व्यक्ति -अध्यक्ष

ख) सम्वन्धित वडाको वडा समितिले तोकेको वडा सदस्य - सदस्य

ग) अभिभावकहरुमध्येवाट एक जना महिला समेत पर्ने गरी विद्‌यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना सदस्य

घ) सम्वन्धित क्षेत्रको स्रोतव्यक्ति -सदस्य

ङ) सम्वन्धित विद्‌यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना - सदस्य

च) विद्‌यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) संस्थागत विद्‌यालयको व्यवस्थापन समितिको काम कर्तब्य अधिकारः

क) विद्‌यालयको सञ्चालन रेखदेख व्यवस्थापन गर्ने र निरीक्षण गर्ने,

ख) विद्‌यालय सञ्चालनको कार्यविधि वनाई लागु गर्ने,

ग) शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा गर्ने,

घ) शिक्षकलाई नियुक्ति पत्र दिने, सरकारी स्केलमा नघट्ने गरी तलव भत्ता खुवाउने,

ङ) ऐन कार्यविधिले तोके अनुसार विद्‌यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने,

च) स्थानीय तहले तोकेको सीमा भित्र रही शुल्क निर्धारण गर्ने र कार्यान्वयन गर्ने,

छ) शिक्षा युवा तथा खेलकूद शाखाले मागेका र नियमित वुझाउनु पर्ने विवरण वुझाउने,

ज) शिक्षा युवा तथा खेलकूद शाखाले खटाई पठाएको लेखा परीक्षकबाट लेखापरीक्षण गराउने,

झ) स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्ने,

ञ) मथिल्ला निकायबाट प्राप्त हुने निर्देशनको पालना गर्ने गराउने,

### ३३. संस्थागत विद्यालयले छात्रवृति उपलब्ध गराउनु पर्नेः

१. संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तिमा पन्द्रह प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम छात्रवृति उपलब्ध गराउनु पर्नेछ।

२. छात्रवृति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार शर्त र प्रक्रिया तोकेबमोजिम हुनेछ।

### ३४. अनुगमन तथा मूल्याङ्कनः

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरशिक्षा समिति वा शिक्षा अधिकृतले जुनसुकै समयमा अनुगमन गर्न निर्देशन दिन सक्नेछ।

**३५. अनुमति वा स्वीकृति रद्द गर्नेः** कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा शिक्षा युवा तथा खेलकूद शाखाले अनुमति रद्द गर्न सक्नेछ। तर रद्द गर्नु अघि सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**३६. शिक्षा कर सम्बन्धी व्यवस्थाः** प्रत्येक संस्थागत विद्यालयले वार्षिक आम्दानीको नगरकार्यपालिकाले तोकेबमोजिमको कर नगरपालिकामा बुझाउनु पर्नेछ।

## परिच्छेदः ८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

३७ नगरपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा कक्षा१० र कक्षा १२को परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ।

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर उप प्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत – सदस्य

(घ) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि– सदस्य

(ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरुमध्ये शिक्षा समितिले मनोनयन गरेको एक जना – सदस्य

(च) प्रमुख,सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय - सदस्य

(छ) प्रमुख,सम्बन्धित स्थानीय तहमा रहेको सशस्त्र बल - सदस्य

(ज) शिक्षा अधिकृत – सदस्य–सचिव

१ परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२) स्थानीय तहको क्षेत्रधिकार बाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ।

३ कक्षा ८को परीक्षा सञ्चालन गर्नका लागि देहाय बमोजिमको एक परीक्षा समिति रहनेछ।

(क) शिक्षा समितिको प्रमुख संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य

(ग) सामुदायिक विद्यालयका शिक्षकहरुमध्ये समितिले मनोनयन गरेको २ जना – सदस्य

(घ) स्रोत व्यक्ति -सदस्य

(ङ) शिक्षा अधिकृत -सदस्य

संस्थागत विद्यालयका विद्यार्थीहरुबाट परीक्षामा लाग्ने खर्च प्राप्त गर्न परीक्षा शुल्क लिन सकिनेछ।

उपदफा २ र ३ बाहेकका परीक्षा सम्बन्धी व्यवस्था प्रधानाध्यापकले तोके बमोजिम हुनेछ।

## परिच्छेदः९

## विद्यालयलाई दिइने अनुदान,लेखा व्यवस्थापन र शुल्क नियमन

**३८.विद्यालयलाई अनुदान दिने** : (१) सामुदायिक विद्यालयलाई नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाबाट विद्यालयको लागि प्राप्त रकम नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा स्वीकृत गराई विद्यालयको संचित कोषमा पठाउनेछ ।

(२)विद्यालयमा रहेका विद्यार्थी संख्या र शिक्षकको संख्या का आधारमा गुलरिया नगरपालिकाले थप अनुदानका आधारमा शिक्षक व्यवस्थापन गर्न सक्नेछ ।शिक्षकको व्यवस्थापन नगर शिक्षा समितिले निर्धारण गरेको मापदण्डका आधारमा हुनेछ ।

**३९ नगरपालिकाबाट रकमको व्यवस्था गर्नु पर्ने** : (१) गुलरिया नगरपालिकाले विद्यालयहरुका लागि भवन, फर्निचर र अन्य कार्यको लागि नगरबाट रकमको व्यवस्था गर्नु सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय स्रोतबाट भवन निर्माणको लागि रकम नपुग्ने भएमा नगर कार्यपालिकाले जनसहयोगलाई प्रोत्साहन गर्ने गरी सामुदायिक विद्यालयलाई आवश्यक रकम अनुदानको व्यवस्था गर्नसक्नेछ ।

(३) सामुदायिक विद्यालयले उपदफा (१) बमोजिमको कार्यको लागि विद्यार्थीबाट सहयोगको नाममा शुल्क उठाउन पाउने छैन ।

(४) सामुदायिक विद्यालयका शिक्षकहरुको तालिम तथा क्षमता अभिवृद्धि गर्नका लागि नगरपालिकाबाट रकमको व्यवस्था गर्नसकिनेछ ।

(५) नगर स्तरमा नगर शिक्षा पुरस्कारको लागि रकमको व्यवस्था गर्नुपर्नेछ । नगर शिक्षा पुरस्कार प्रदान गर्दा शिक्षा समितिले स्वीकृत गरेको मापदण्ड अनुसार हुनेछ ।

६ नगरपालिकाले बालविकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

**४०.विद्यालय संचालन संचित कोषको सञ्चालन** : (१) प्रत्येक विद्यालयमा विद्यालयको सम्पूर्ण आम्दानीहरु जम्मा गर्ने गरी एक विद्यालय संचालन संचित कोष रहनेछ ।

(२) विद्यालयले संचित कोषमा जम्मा भएको रकम व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्नु पर्नेछ ।

(३) विद्यालय कोषको सञ्चालन व्यवस्थापन समितिको अध्यक्ष वा सोही समितिले तोकेको व्यवस्थापन समितिको सदस्य र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि साविक नि मावि र माध्यमिक विद्‌यालय कोषको सञ्चालन प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ ।

**४१.बजेट तयार गर्ने** :(१) प्रधानाध्यापकले प्रत्येक वर्ष आगामी आर्थिक वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा युवा तथा खेलकूद शाखामा वैशाख मसान्त भित्रमा पठाउनु पर्नेछ ।

**४२ .लेखा व्यवस्थापनः** सबै विद्‌यालयहरुले प्रचालित कानुन अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्नेछ ।

**४३.लेखा परीक्षण तथा सामाजिक परीक्षण**

१. सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्ट्रड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

२. प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण तोके बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

४४. शुल्क सम्बन्धी व्यवस्थाः१ नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

२. विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा शुल्क लिईसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्नाका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

३. विद्यार्थीसँग भौतिक संरचना निर्माणमा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

४.संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क शिक्षा समितिबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाका आधारमा निर्धारण गरिनेछ ।

५. ऐन विपरीत शुल्क लिएमा शिक्षा अधिकृतले तोकिए बमोजिम जरिवाना गर्न सक्नेछ ।

६. विद्यालयलाई छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः१०

## विविध

४५. शिक्षा युवा तथा खेलकूद शाखाले निर्देशन दिन सक्नेछः

१. शिक्षा शाखाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरु विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई दिन सक्नेछ ।

२. उपदफा१ बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**४६ शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम, टयुसन कोचिङ वा शिक्षण कोर्ष सञ्चालनः**

१. कसैले पनि यस ऐन बमोजिम नगरपालिकाको अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष भाषा शिक्षण कक्षा, टयुसन,कोचिङ वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

२. विद्यालयमा कसैले टयुसन पढाउन पाउने छैन तर कोचिङ पढाउनका लागि शिक्षा समितिले निर्धारण गरेको मापदण्ड अनुसार पढाउन सकिनेछ।

३.उपदफा १ बमोजिम शैक्षिक कार्यक्रमको अनुमति लिने सम्बन्धी व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ।

४७ प्रगति विवरण बुझाउनु पर्नेः संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमको विवरण शिक्षा शाखामा बुझाउनु पर्नेछ।

४८. शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउनेःविद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न लगानी गर्न व्यवस्थापन सम्बन्धी कुनै कार्य गर्न नपाउने।

४९. नगर शिक्षा विकास कोषः

१.नगरपालिकाले आफ्नो क्षेत्रभित्रका विपन्न, प्राकृतिक प्रकोप पीडित र असहाय बालवालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्न सकिनेछ।

२. कोषको सञ्चालन नगरपालिकाको प्रमुख शिक्षा अधिकृत र शिक्षा हेर्ने कार्यपालिका सदस्य रहेको ३ सदस्य समितिबाट हुनेछ।

५०. दण्ड सजायः

१.कसैले विद्यालयले सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी जरिवाना गर्न सक्नेछ।

२.कसैले कानुन विपरीत कार्य गरेमा वा गर्न लगाएमा कसुरको मात्रा हेरी तोकेबमोजिम सजाय हुनेछ।

३. विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि निलम्बन हुनेछ।सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा प्रचालित ऐन बमोजिम सजाय हुनेछ।

५२. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

**५३.नियम बनाउने अधिकारः यस ऐनको उदेश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम, कार्यविधि, निर्देशिका बनाउँन सक्नेछ ।**

**५४. संक्रमणकालीन व्यवस्थाः**

१.यस ऐनले तोकेबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर शिक्षा समितिले व्यवस्थित गर्न सक्नेछ ।

२.यो ऐन जारी भए पछि विद्यालयमा रिक्त दरबन्दीमा विज्ञापनको अनुमति शिक्षा युवा तथा खेलकूद शाखाले दिनेछ ।

५५.बाधा अड्काउ फुकाउने अधिकारःयस ऐनको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ ।त्यस्तो आदेश नगर सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निस्कृय हुनेछ।

५६. बचाउ र लागु नहुनेः

१. यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

-०-

**प्रमाणीकरण मितीः२०७५/०४/०१**

मुक्तिनाथ यादव

नगर प्रमुख

गुलरिया नगरपालिका